# सवारी चालक अनुमतिपत्र परीक्षा सञ्चालन प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि, २०७८

आन्तरिक मामिला लय,बागमती प्रदेश

बागमती प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

हेटौंडा, नेपाल

# सवारी चालक अनुमतिपत्र परीक्षा सञ्चालन प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि, २०७८

**प्रदेश राजपत्रमा प्रकाशित मिति**

२०७८।११।२६

**प्रस्तावना**ः प्रदेश सरकार मातहतका यातायात व्यवस्था कार्यालयबाट लिइने सवारी चालक अनुमतिपत्रको लिखित, प्रयोगात्मक र मौखिक परीक्षा सञ्चालनमा खटिने कर्मचारीलाई प्रोत्साहन भत्ताको व्यवस्था गर्न आवश्यक भएकोले प्रदेश सुशासन ऐन, २०७७ को दफा ४६ ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश सरकारले यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "सवारी चालक अनुमतिपत्र परीक्षा सञ्चालन प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि, २०७८" रहेको छ।

(२) यो कार्यविधि प्रदेश राजपत्रमा प्रकाशन भएको मितिबाट लागू हुनेछ।

२. **परिभाषा**ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "ऐन" भन्नाले प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ सम्झनु पर्छ ।

(ख) "कर्मचारी" भन्नाले सवारी चालक अनुमतिपत्र सम्बन्धी कार्यमा खटिने कर्मचारी सम्झनु पर्छ।

(ग) "कार्यालय" भन्नाले मन्त्रालय मातहतका सवारी चालक अनुमतिपत्र प्रदान गर्ने यातायात व्यवस्था कार्यालय तथा यातायात व्यवस्था सेवा कार्यालय सम्झनु पर्छ ।

(घ) "चालक अनुमतिपत्र" भन्नाले ऐन बमोजिम प्रदान गरिने सवारीचालक अनुमतिपत्र सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ङ) "परीक्षा" भन्नाले सवारी चालक अनुमतिपत्रको लागि लिइने लिखित, प्रयोगात्मक र मौखिक परीक्षा सम्झनु पर्छ।

(च) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ ।

(छ) "मन्त्रालय" भन्नाले श्रम, रोजगार तथा यातायात मन्त्रालय सम्झनु पर्छ।

३. **<u>प्रोत्साहन भत्ता पाउने शर्तः</u>** यस कार्यविधि बमोजिम प्रोत्साहन भत्ता प्राप्त गर्नको लागि देहायको प्रक्रिया पुगेको हुनु पर्नेछः-

(क) लिखित परीक्षा सञ्चालन गर्दा सबै वर्गको गरी तीन सय जना परीक्षार्थी सम्मलाई एक सिफ्ट एक परीक्षा केन्द्र कायम गरी सञ्चालन गर्ने।

(ख) मोटरसाइकल, स्कुटर/मोपेड-(**A/K** वर्ग) को प्रयोगात्मक परीक्षा सञ्चालन गर्दा दुई सय पचास जना सम्मलाई एक सिफ्ट एक परीक्षा केन्द्र कायम गरी प्रयोगात्मक परीक्षा सञ्चालन गर्ने।

(ग) कार, जीप, डेलिभरी भ्यान-(**B** वर्ग) को प्रयोगात्मक परीक्षा सञ्चालन गर्दा दुई सय जना सम्मलाई एक सिफ्ट एक परीक्षा केन्द्र कायम गरी प्रयोगात्मक परीक्षा सञ्चालन गर्ने।

(घ) टेम्पो, अटोरिक्सा-(**C**) र इ-रिक्सा-(**C1**) वर्गको प्रयोगात्मक परीक्षा सञ्चालन गर्दा दुई सय जना सम्मको परीक्षार्थीलाई एक सिफ्ट एक परीक्षा केन्द्र कायम गरी परीक्षा सञ्चालन गर्ने।

(ङ) ट्याक्टर-(**E**), पावरटिलर-(**D**), मिनिबस/मिनिट्रक-(**F**) र ट्रक, बस तथा लहरी-(**G**) वर्गको प्रयोगात्मक परीक्षा सञ्चालन गर्दा पचहत्तर जना परीक्षार्थी सम्मलाई एक

सिफ्ट एक परीक्षा केन्द्र कायम गरी प्रयोगात्मक परीक्षा सञ्चालन गर्ने।

(च) हेभिइक्युपमेन्ट (H,H1,H2,I,I1,I2,I3,J1,J2,J3,J4,J5) वर्गको प्रयोगात्मक र मौखिक परीक्षा सञ्चालन गर्दा पचास जना परीक्षार्थी सम्मलाई एक सिफ्ट एक परीक्षा केन्द्र कायम गरी परीक्षा सञ्चालन गर्ने।

(छ) परीक्षा समितिका अध्यक्ष एवम् कार्यालय प्रमुखले सामान्य सिद्धान्त र औचित्यका आधारमा कर्मचारीलाई परीक्षा सञ्चालनमा सहभागी गराउने।

(ज) माथि खण्ड (क) देखि (च) सम्ममा उल्लिखित सङ्ख्या भन्दा बढी परीक्षार्थी भएमा आवश्यकता अनुसार सिफ्ट र केन्द्र थप गरी परीक्षा सञ्चालन गर्ने।

(झ) कार्यालयमा कर्मचारी अभाव रहेमा केन्द्राध्यक्ष र सहायक केन्द्राध्यक्ष बाहेक अन्य कार्यका लागि नजिकको सरकारी कार्यालयमा कार्यरत कर्मचारीको सहयोग लिन सकिने।

(ञ) यस कार्यविधि बमोजिम प्रोत्साहन भत्ता भुक्तानी सम्बन्धमा मन्त्रालय र कार्यालय बीच नतिजा सूचक सहितको कार्य सम्पादन करार भएको हुनु पर्ने।

४. **<u>प्रोत्साहन भत्ता पाउने</u>**: (१) परीक्षामा खटिने कर्मचारीले अनुसूचीमा उल्लेख भए बमोजिमको प्रोत्साहन भत्ता पाउनेछ।

(२) कार्यालय समय भन्दा बाहेक र सार्वजनिक बिदाका दिनमा परीक्षा सञ्चालनमा खटिने कर्मचारीलाई प्रति सिफ्ट प्रोत्साहन भत्ताको पचास प्रतिशत थप भत्ता रकम उपलब्ध गराइनेछ । तर कार्यालय समयभित्र लिइने सबै वर्गको गरी पाँच सय जनासम्मको परीक्षा (लिखित, मौखिक र प्रयोगात्मकको

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

छुट्टाछुट्टै) सञ्चालनका लागि थप भत्ता रकम उपलब्ध गराइने छैन।

५. **कर्मचारीको खटन पटनः** (१) कार्यालय प्रमुखले परीक्षामा कार्यालय वा अन्य कार्यालयको कर्मचारी खटाउँदा सम्भव भएसम्म समानुपातिक तरिकाले एकै कर्मचारी नहुने वा नपर्ने गरी खटाउनु पर्नेछ ।

(२) लिखित परीक्षामा संलग्न कर्मचारीलाई सम्भव भएसम्म उत्तरपुस्तिका परीक्षणमा संलग्न गराइने छैन।

६. **करः** यस कार्यविधि बमोजिम कर्मचारीले प्राप्त गर्ने प्रोत्साहन भत्तामा नियमानुसार करकट्टी हुनेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

अनुसूची

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

**<u>सवारी चालक अनुमति पत्रको परीक्षा सञ्चालन गर्दा खटिने कर्मचारीले पाउने प्रोत्साहन भत्ता</u>**

| **क.सं.** | **विषय** | **दर रु.** | **कैफियत** |
|---|---|---|---|
| १. | **लिखित परीक्षा सञ्चालन (प्रति सिफ्ट)** | | |
| | केन्द्राध्यक्ष | ९००।- | |
| | सहायक केन्द्राध्यक्ष | ६००।- | |
| | समन्वयकर्ता | ६००।- | |
| | निरीक्षक | ४००।- | |
| | सहयोगी | ३००।- | |
| | **सुरक्षातर्फ** | | |
| | प्रहरी निरीक्षक | ६००।- | |
| | प्रहरी नायब निरीक्षक | ४००।- | |
| | प्रहरी सहायक निरीक्षक | ३५०।- | |
| | प्रहरी हवल्दार | ३००।- | |
| | प्रहरी जवान | २००।- | |
| २. | **प्रयोगात्मक परीक्षा सञ्चालन (प्रति सिफ्ट)** | | |
| | मूल जाँचकी (चेकलिष्ट बोक्ने) | ७००।- | समितिको प्रतिनिधित्व गर्ने तीन जना |
| | जाँचकी | ६००।- | आठ (८), र्‍याम्प, एल ब्याक (L back), ट्राफिक लाइट र जेब्रा क्रसिङ्गमा बस्ने ४ जना |
| | निरीक्षक | ५००।- | हाजिर गराउने र प्रवेश पत्र जाँच गर्ने २ जना |
| | सहयोगी | ३५०।- | |
| | सुरक्षातर्फ | | |
| | प्रहरी नायब निरीक्षक | ५००।- | |
| | प्रहरी सहायक निरीक्षक | ४५०।- | |
| | प्रहरी हवल्दार | ४००।- | |
| | प्रहरी जवान | ३००।- | |



आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

| | | | |
|---|---|---|---|
| ३. | **उत्तर पुस्तिका परीक्षण (प्रति परीक्षार्थी)** | | |
| | प्रारम्भिक परीक्षण | ७।- | |
| | अन्तिम परीक्षण | ५।- | |
| ४. | **लिखित तथा प्रयोगात्मक परीक्षा समितिको बैठक भत्ता** | | |
| | अध्यक्ष | १५००।- | |
| | सदस्य (दुई जना) | १०००।- | |
| ५. | **मौखिक परीक्षा (अन्तर्वार्ता प्रति दिन)** | | |
| | समितिको सदस्यहरू (तीन जना) | १०००।- | |
| ६. | **प्रश्नपत्र निर्माण/परिमार्जन गर्ने कर्मचारीको पारिश्रमिक** | | |
| | प्रतिसेट (निर्माण) | १०००।- | |
| | प्रतिसेट (परिमार्जन) | २००।- | |
| ७. | कार्यालय समयका अतिरिक्त कार्यालयमा खटिने कर्मचारीले देहाय बमोजिमको प्रोत्साहन भत्ता पाउनेछन्। | | |
| | बायोमेट्रिक लिने र फोटो खिच्ने कार्यमा संलग्न कर्मचारीले प्रति घण्टा | ३००।- | बढीमा दुई जना |
| | अन्य कार्यमा संलग्न हुने गरी कार्यालय प्रमुखले खटाएको कर्मचारीले प्रति घण्टा | ३००।- | बढीमा तीन जना |

**द्रष्टव्यः**

(१) परीक्षामा खटिने परीक्षा समितिका पदाधिकारी र आमन्त्रित सदस्य भएमा समितिको सदस्य सरह बैठक भत्ता उपलब्ध गराइने छ ।

(२) लिखित परीक्षा सञ्चालन गर्दा १०० जना परीक्षार्थी बराबर एकजना निरीक्षक राख्नु पर्नेछ।

(३) लिखित परीक्षामा तीन जना भन्दा बढी र प्रयोगात्मक परीक्षामा पाँच जना भन्दा बढी सुरक्षाकर्मीले प्रोत्साहन भत्ता प्राप्त गर्ने छैनन्।

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश